मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,चैत्र ३० गते,२०७४ साल (संख्या: २५

भाग-२

मुसिकोट नगरपालिका

मुसिकोट नगरपालिकामा करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा मुसिकोट नगरपाकिलाकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन,२०७४ बमोजिम मुसिकोट नगर कार्यपालिकाले वनाएको देहायको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

मुसिकोट नगरपालिकामा करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४

प्रस्तावना

मुसिकोट नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस नगरपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरवन्दिको अधिनमा रहि प्राविधिक तथा अन्य कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन,२०७४ वमोजिम मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क" यस कार्यविधिको नाम .मुसिकोट नगरपालिकामा करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४रहेको छ " ।

ख यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ । .

२. **परिभाषाः** अर्को अर्थ नलागेमा यस कार्यवि विषय वा प्रसंगलेधिमा-

क . भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ । "प्रमुख"

ख . भन्नाले "ऐन"“स्थानीय सरकार सञ्चालन ऐन, २०७४” सम्झनु पर्दछ ।

ग . भन्नाले "कार्यविधि"“ मुसिकोट नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४” सम्झनु पर्दछ ।

घ . भन्नाले "कार्यालय"नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

ङ. ३भन्नाले दफा "प्राविधिक कर्मचारी"(२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ ।

च. बमोजिम गठित अन्तवार्ता तथा सूचिकरण ५भन्नाले दफा "समिति" समिति सम्झनुपर्दछ ।

३. **कार्यविधि लागू हुने क्षेत्र र सेवाः**(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा तथा स्थानीय तहमा (७) सेवा प्रवाह सम्बन्धी व्यवस्थाको दफा १५(४) बमोजिम प्राविधिक कर्मचारी करारमा राख्ने प्रयोजनको लागि यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस (२) कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

इन्जिनियरिङ्ग सेवासँग सम्बन्धित (क)

कृषि सेवासँग सम्बन्धित (ख)

वासँग सम्बन्धितपशु से (ग)

वन सेवासँग सम्बन्धित (घ)

स्वास्थ्य सेवासँग सम (ङ)्बन्धित

कम्प्यूटर अपरेटर (च)सम्बन्धित

(छ) अन्य कुनै प्राविधिक सेवासँग सम्बन्धित ।

स्वीकृत दरवन्दीमा राजपत्र अनंकित तथा श्रेणी विहीन (ज)

४. **छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

प्राविधिक कर्मचारीको अनुसूचि (१) - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता,

मसिकोट राजपत्र

पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) आवेदन फारामको नमूना अनुसूची - ३ बमोजिम हुनेछ। आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा (२) उपदफा (३)
: को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ ५दफा

क शैक्षिक योग्यता वापत .- ६० अंक (साठी), (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा। (

ख कार्य अनुभव वापत .- १० अंकको २प्रति वर्ष) अंक (दश) दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने। (

ग स्थानीय बासिन्दालाई देहाय बमोजिम .- १० अंक (दश)

१सम्बन्धित नग .रपालिकाको बासिन्दा भएमा - १० अंक

२ सम्बन्धित जिल्लाको बासिन्दा भएमा .- ५ अंक

घअंक। यस अनुसार २०अन्तवार्तामा अधिकतम . अकं प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १८ (अठार) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।१४ अंक भन्दा माथी अंक दिदा कारण खुलाउनु पर्ने छ।

बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (१) उपदफा (४) इन्जिनियरिंग), स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्रका लागि (

मसिकोट राजपत्र

प्राप्त गरेका व्यक्तिले मात्र (लाईसेन्स) आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र आवेदन दिन सक्नेछन् ।

५. **अन्तर्वार्ता र सूचिकरण समितिः** माग पद संख्याका आधारमा कार्यविधिको दफा बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई (३) को उपदफा (४) प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिसतथा नियुक्तीको निर्णयको लागी कार्यपालिकामा सिफारीश गर्न देहायको अन्तरवार्ता तथा सूचिकरण समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) नगरपालिकाको विषयगत शाखा प्रमुख - सदस्य

६. **सूचिकरणको विवरण प्रकाशन गर्ने** बढी बमोजिम सबैभन्दा ४दफा (१) : बमोजिमको समितिको सिफारिसको ५अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

उप (२)दफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ ।

ग्यताक्रममा रहेका उम्मेदवारलाई बमोजिमका यो (१) उपदफा (३) छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

७. **करार गर्नेः**) ७कार्यालयले सूचिकृत गरेका मुख्य उम्मेदवारलाई (१)सात (दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची - १ बमोजिमको कार्यविवरण - सहित अनुसूची -4 बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची बमोजिको ५ - पत्र कार्यालयले प्राविधिक कर्मचारीलाई दिनुपर्नेछ ।

बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत (२) उपदफा (४) शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत (५) आर्थिक वर्षको श्रावण १ अर्को वर्षको असारसम्मका लागि मात्र करार गर्नु पर्नेछ देखि (एक) । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यप्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

उपदफा (६) (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ ।

प्राविधिक कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा (७) १कम्तीमा (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए (८) भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम

मसिकोट राजपत्र

भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

८. **कार्य शर्त, पारिश्रमिक र अवधि** यस कार्यविधि बमोजिम सेवा (१) : करार सम्झौता गरिएका प्राविधिक कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले कार्यविवरणमा उल्लेख भए बमोजिम प्रगतिको - स्थलगतवा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन् ।

कार्यालयले करारका प्राविधिक (३)कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण)Time Sheetसहितको (प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम (४) गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य (१) उपदफा (५) गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

९. **करार समाप्ती**ःयस कार्यविधि बमोजिम करार गरिएको पद वा (१) दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

करार (२) सम्झौता गरिएको प्राविधिक कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा अध्यक्ष वा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

१०. **विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

मुसिकोट राजपत्र

अनुसूची १ -
(बुँदा ४.१सँग सम्बन्धित कार्य विवरणको ढाँचा

मुसिकोट नगरपालिका नगर कार्यपालिकको कार्यालय

....

प्रदेश नं .५ नेपाल

कार्य विवरणको नमुनाः

प्राविधिक कर्मचारीको पद नामः काम गर्नुपर्ने स्थानः

प्राविधिक कर्मचारीको नामः

सुपरिवेक्षकः प्रतिवेदन पेश गर्नुपर्ने

अधिकारीः

कार्य विवरणः

१ .

२ .

३.

४.

५.

६.

७.

मुसिकोट राजपत्र

अनुसूची २ -

(बुँदा ४.१सँग सम्बन्धित आवेदनको ढाँचा)

मुसिकोट नगरपालिका नगर कार्यपालिकको कार्यालय

....

प्रदेश नं..., नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

/ / २०७ : सुचना प्रकाशित मिति))

मुसिकोट नगरपालिकाको लागिमा (विषयगत शाखा)............................. को रुपमा (पद)... रहने गरी देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ :२दिन भित्र दिनको (पन्ध्र)०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www. musikotmungulmi.gov.np बाट उपलब्ध हुनेछ ।

पद नाम	संख्या

२. <u>शैक्षिक योग्यता र अनुभव (नमुना):</u>

१नेपाली नागरिक । .

२ जस्तैः नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट) न्यूनतम योग्यता . Civil Engineering मा स्नातक)B.Eर कुनै सम्बद्ध विषयमा विषयमा (स्नातकोत्तर गरेको ।

३ अनुभवको हकमा .B.E उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा वर्षको कार्य ...... अनुभव भएको ।

४ .... .वर्ष उमेर पुरा भई वर्ष ननाघेको हुनुपर्ने । ....

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको । (प्रमाणपत्र)

६अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको । .

३**गर्नुपर्नेः दरखास्तमा संलग्न .** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

मसिकोट राजपत्र

अनुसूची ३ -

(बुँदा ४.२ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

मुसिकोट नगर कार्यपालिकको कार्यालय

....

प्रदेश नं..., नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने

<u>करारको लागि दरखास्त फाराम</u>

वैयक्तिक विवरण (क)

	नाम थर	(देवनागरीमा)		
		(अंग्रेजी ठूलो अक्षरमा)		लिङ्ग:
	नागरिकता नं:		जारी गर्ने जिल्ला :	मिति :
स्थायी ठेगाना	क) जिल्ला	ख) न.पा./गा.वि.स.	ग) वडा नं	
	घ) टोल :	ङ) मार्ग/घर नं. :	च) फो नं.	
पत्राचार गर्ने ठेगाना :			ईमेल	
बाबुको नाम, थर :		जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा)		
बाजेको नाम, थर :			हालको उमेर : वर्ष महिना	

दरखास्त फाराम) तालिम/शैक्षिक योग्यता (ख)भरेको पदको लागि
चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता(तालिम मात्र उल्लेख गर्ने/

आवश्यक न्यूनतम योग्यता	**विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था**	**शैक्षिक उपाधि/तालिम**	**संकाय**	**श्रेणी/प्रतिशत**	**मूल विषय**
शैक्षिक योग्यता					
तालिम					

अनुभव सम्बन्धी विवरण (ग)

कार्यालय	पद	सेवा/समूह/उपसमूह	श्रेणी/तह	स्थायी/अस्थायी/करार	अवधि	
					देखि	सम्म

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछुबुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त / छु । साथै करारमा फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्द उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td rowspan="3">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>मिति:</td></tr>
<tr><td colspan="3">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="2">रसिद/भौचर नं. :</td><td>रोल नं. :</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सो को कारण :</td></tr>
<tr><td>दरखास्त रुजु गर्नेको नाम र दस्तखतः
मिति :</td><td>दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत
मिति :</td><td></td></tr>
</table>

द्रष्टव्य दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा : आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ । उम्मेदवार

नेपाली (१)नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को (प्रतिलिपि, (३न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (, प्राविधिक कार्य इन्जिनियरिङ्ग), स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्रका लाग (ि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र को प्रतिलिपि(लाईसेन्स), तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

मसिकोट राजपत्र

अनुसूची ४ -

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

मुसिकोट नगर कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको र (
जिल्ला..................., ...नगरपालिकागाउँपालिका/, वडा नं ..... .
का बीच (यसपछि दोश्रो पक्ष भनिएको) .... बस्ने श्रीमुसिकोट
नगरपालिकाको)..………………… २०७गर्न गराउन मिति को कामकाज (
/......./...... को निर्णय अनुसार देहायका कार्यशर्तको अधिनमा रहि दोश्रो पक्षले /
पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी
: एक प्रति आपसमा बुझि लियौं दियौं/एक

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ।

२. **काम गर्नु पर्ने स्थान:** ....।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु . पारिश्रमिक उपलब्ध गराउनेछ ।............... .अक्षरेपी रु)..................

४. **आचरणको पालना:** दोश्रो पक्षले नगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित

भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षितपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७द..........।........। ...ेखि लागु भई २०७ सम्मको लागि हुनेछ । १५असार .....

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैनगर्ने छैन ।/

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

नगरपालिकाको तर्फबाट :	**दोस्रो पक्ष :(करार गर्ने व्यक्ति)**
हस्ताक्षर :	हस्ताक्षर :
नाम :	नाम :
पद :	ठेगाना :
कार्यालयको छापः	

अनुसूची ५ -

(बुँदा ७.२ सँग सम्बन्धित करार सूचना पत्रको ढाँचा)

मुसिकोट नगर कार्यपालिकको कार्यालय

....

प्रदेश नं..., नेपाल

च.नं. मितिः

प.सं.

श्री ....,

ठेगाना ....

विषयः <u>करार सम्बन्धमा।</u>

तपाईलाई मिति २०७ .... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ...।....।... बमोजिम मिति (सम्झौता) का लागि यसैसाथ संलग्न करार (पदको नाम वा काम) ....२०७।...।....देखि २०७....।.....।....सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले चरणको समेतपालना गर्नुपर्ने आचार संहिता र आ परिपालना हुन जानकारी गराइन्छ।

प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट राजपत्र

<u>बोधार्थः</u>

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय, ...

मुसिकोट नगर कार्यपालिकाको कार्यालय ।

प्रमाणिकरण मिति : २०७४।१२।३०

आज्ञाले,

घनश्याम न्यैपाने

प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू।२०

मुसिकोट राजपत्र